**शरत सिंह भण्डारी**
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**Sharat Singh Bhandari**
Ministry of Labour, Employment & Social Security

नेपाल सरकार
Government of Nepal

सिंहदरबार, काठमाडौं, नेपाल ।
Singhdurbar, Kathmandu, Nepal
फोन नं.: ९७७-०१-४२११६९६
इमेल: minister@moless.gov.np
वेवसाईट: www.moless.gov.np

च.नं. / Ref. No.:

## अन्तर्राष्ट्रिय श्रमिक दिवसको शुभकामना

स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण श्रमजीवी नेपालीहरुमा १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा मेरो व्यक्तिगत तर्फबाट शुभकामना व्यक्त गर्दछु। मुलुकको दीर्घकालीन समृद्धि र सामाजिक प्रगतिमा श्रमिकको अमूल्य भूमिका रहन्छ र रहदै आएको छ। आन्तरिक तथा वैदेशिक रोजगारमा रहेका श्रमिकको हक र अधिकारको सुनिश्चिताका लागि नेपाल सरकार कटिवद्ध रहेको व्यहोरा विदित्तै छ। समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिका लागि श्रमिकहरुको हक र अधिकारको सुनिश्चितता गर्दै नयाँ र परिष्कृत तवरले जुट्नु पर्ने सामुहिक अभिभारा हाम्रो सामु रहेको छ।

आगामी दश वर्ष भित्र वैदेशिक रोजगारीमा जानुपर्ने वाध्यकारी अवस्थालाई अन्त्य गर्ने उद्धेश्य सहित घोषणा भएको आन्तरिक रोजगार प्रवर्द्धन दशकको कार्ययोजना अन्तिम चरणमा पुगेको छ। यसै क्रममा श्रम ऐन, वैदेशिक रोजगार ऐन लगायत श्रम संग सम्वन्धित कानून तथा नीतिहरु सुधारको कार्य अघि बढिसकेको छ। सबै तहका सरकार तथा सरोकारवालासंगको सहकार्यमा श्रम बजारको प्रवर्द्धन र विकासका लागि चरणवद्ध एवं प्रभावकारी तवरले कार्य गर्नेगरी अभियान सञ्चालन गर्ने चरणमा हामी पुगेका छौं। । नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्न श्रम संसार पोर्टल तथा मोबाइल एप्लिकेसन यही श्रमीक दिवस देखि सबै स्थानीय तह र श्रमिक बीच पुग्ने अपेक्षा सहित आफ्नो स्थानीय तहबाटै सबै प्रकारका श्रम तथा रोजगार सेवा र सुविधा प्रदान गर्नका लागि अभियान नै सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप, पूजी र जाँगरको उचित उपयोग गर्दै 'स्कील्ड नेपाल र सीपयुक्त नेपाली' को अवधारणामा आगामी दिनमा डिजिटल ट्र्याप, डेथ ट्र्याप र डेट ट्र्याप बाट बाहिर निकाल्न समेतका लागि मन्त्रालय कटिबध्द रहेको छ । सन् २०२५ को अन्तर्राष्ट्रिय श्रम दिवसमा सबै श्रमजीवी तथा रोजगारदाताहरु एकजुट भई श्रमिक अधिकारको संरक्षण, सामाजिक न्याय र समावेशी समृद्धिको दिशामा अघि बढ्न आह्वान गर्दछु।

शरत सिंह भण्डारी,
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

मिति:-२०८२/१/१८